# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित


| खण्डः ७ | संख्याः ९ | प्रकाशन मितिः २०८०।०८।१५ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०८।१३ | | |


## भाग-२

### बुद्धशान्ति गाउँपालिका

### सम्बत २०८० सालको कार्यविधि नं. ९

### बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८०

प्रस्तावनाः बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाको मिति २०८०।०८।१३ गते बसेको बैठकले यो कार्यविधिको दोस्रो संशोधन गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम बुद्धशान्ति गाउँपालिकामा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. मुल कार्यविधिको दफा १२ मा निम्न प्रतिवन्ध्यात्मक वाक्यांश थप गर्नेः

तर, गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा २ वर्ष भन्दा वढी अवधि देखि निरन्तर रुपमा काम गरिरहेका स्वास्थ्यकर्मीहरुलाई सम्बन्धित स्वास्थ्य संस्थाको कार्यवोझ र कर्मचारी आवश्यकताको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाको निजी श्रोतबाट पारिश्रमिक भुक्तानी हुन सक्ने अवस्था रहेमा करार सेवामा भर्ना गर्न सकिनेछ ।तथापि, कार्यपालिकाको स्विकृति विना स्वास्थ्य संस्थाले स्वयंमसेवक स्वास्थ्यकर्मी नियुक्त गर्न सक्नेछैन ।

आज्ञाले

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत